कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

वर्षः २६ | अंकः ६६ | वि.सं. २०८३ असार ४ बिहीवार | नेपाल संवतः ११४५, ज्येष्ठ शुक्ल चतुर्थी | Thursday 18 June 2026 | yugaawhan@gmail .com | पृष्ठः ४ | मूल्यः ५ ।-

### कर्णालीको बजेटमा पर्यटन दशक घोषणा

# पर्यटन पूर्वाधार विकासमा ५३ करोड बढी बजेट

“कर्णालीको पर्यटन विकाससँग प्रत्यक्ष सम्बन्ध रहेको हवाई पूर्वाधार विस्तारको विषय बजेट र नीतिमा सीमित हुने गरेको टिप्पणी समेत हुँदै आएको छ।



**युग संवाददाता**
**सुर्खेत, ३ असार ।**

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ बाट ‘कर्णाली पर्यटन दशक’ सुरु गर्ने घोषणा गरेको छ। पर्यटन क्षेत्रलाई आर्थिक रूपान्तरण, रोजगारी सिर्जना तथा स्थानीय समृद्धिको प्रमुख आधारका रूपमा विकास गर्ने लक्ष्यसहित प्रदेश सरकारले उक्त अभियान अघि सारेको हो।

सोमबार प्रदेशसभामा आगामी आर्थिक वर्ष वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजना मन्त्री राजिवविक्रम शाहले हिमाल, ताल, नदी, वन, संस्कृति र सभ्यताको अनुपम संगम रहेको कर्णालीको अथाह पर्यटन सम्भावनालाई आर्थिक समृद्धिसँग जोड्ने उद्देश्यले पर्यटन दशक सुरु गर्न लागिएको जानकारी दिए।

उनका अनुसार पर्यटन पूर्वाधार, सेवा गुणस्तर तथा गन्तव्य व्यवस्थापनमा सुधार गर्दै कर्णालीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन मानचित्रमा विशिष्ट गन्तव्यका रूपमा स्थापित गर्ने सरकारको लक्ष्य रहेको छ। पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि प्रदेश सरकारले आगामी वर्ष ५३ करोड ८६ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। बजेटमार्फत प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरूको संरक्षण, विकास तथा व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ।

सरकारले मुगुको रारा ताल, सुर्खेतको काँक्रेविहार, बुलबुले उद्यान तथा चौहान पार्क, सल्यानको कुपिण्डे दह र रुकुम पश्चिमको स्यार्पु ताललाई पर्यटन विकासका प्रमुख केन्द्रका रूपमा अघि बढाउने भएको छ। यी क्षेत्रहरूको संरक्षण र विकासका लागि हाल कार्यान्वयनमा रहेका गुरुयोजनालाई प्रभावकारी रूपमा अगाडि बढाउन २१ करोड ३५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

त्यस्तै, प्रदेश सरकारले संघीय सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थलको विस्तार तथा स्तरोन्नति कार्यलाई पनि निरन्तरता दिने जनाएको छ। यसका लागि पाँच करोड रुपैयाँ बजेट छुट्याइएको छ। सरकारले विमानस्थल विस्तारलाई कर्णालीको पर्यटन तथा समग्र आर्थिक विकाससँग जोडेर हेरेको भए पनि यो योजना भने नयाँ होइन।


सुर्खेत विमानस्थल विस्तारको विषय विगत केही वर्षदेखि संघीय तथा प्रदेश सरकारका नीति, कार्यक्रम र बजेटमा निरन्तर समेटिँदै आएको छ। २०७७ सालयता विमानस्थलको धावनमार्ग विस्तार गरी ठूला जहाज सञ्चालन गर्न सक्ने बनाउने योजना बारम्बार दोहोरिँदै आए पनि कार्यान्वयन भने हुन सकेको छैन। संघीय सरकारका वार्षिक नीति तथा कार्यक्रममा समेत प्रदेश सरकारसँगको समन्वयमा सुर्खेत विमानस्थल विस्तार गरिने उल्लेख हुँदै आएको छ।

त्यसैगरी प्रदेश सरकारले पनि प्रत्येक वर्षजसो यही योजना दोहोर्याउँदै आएको छ। कर्णालीको हवाई यातायातलाई सुरक्षित, भरपर्दो र दिगो बनाउने दीर्घकालीन महत्त्व बोकेको यो योजना हालसम्म प्रभावकारी रूपमा अघि बढ्न नसक्दा यसको कार्यान्वयन क्षमतामाथि प्रश्न उठ्ने गरेको छ। कर्णालीको पर्यटन विकाससँग प्रत्यक्ष सम्बन्ध रहेको हवाई पूर्वाधार विस्तारको विषय बजेट र नीतिमा सीमित हुने गरेको टिप्पणी समेत हुँदै आएको छ।

त्यस्तै, प्रदेश सरकारले सुर्खेत विमानस्थलबाट हिमाली जिल्लाका विमानस्थलहरूमा नियमित हवाई उडान

बाँकी ३ पेजमा

# कर्णालीका स्थानीय तहलाई अनुदान वृद्धि



**युग संवाददाता**
**सुर्खेत, ३ असार ।**

कर्णाली प्रदेश सरकारले आगामी वर्ष २०८३/८४ का लागि ७९ वटा स्थानीय तहलाई दिँदै आएको अनुदान वृद्धि गरेको छ। स्थानीय तहलाई करिब प्रदेश सरकारले २० प्रतिशत अनुदान वृद्धि गरेको आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले जानकारी दिए।

मन्त्री शाहले आगामी वर्षका लागि प्रदेशका ७९ स्थानीय तहलाई रु पाँच अर्ब ५४ करोड ७२ लाख वित्तीय हस्तान्तरण गरिएको बताए। चालु आर्थिक वर्षको तुलनामा २०.८५ प्रतिशत अर्थात् रु ९५ करोड ७२ लाख बढी रहेको छ। चालु आवमा रु चार अर्ब ५९ करोड स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको थियो।

आगामी आवका लागि सङ्घ सरकारबाट प्रदेशलाई समेत अनुदान बढेर आएको छ। प्रदेश सरकारले पनि सोहीअनुसार स्थानीय सरकारलाई वित्तीय हस्तान्तरणमा बढवा दिएको हो। समपूरक अनुदान रु ४२ करोड चार लाखले वृद्धि गरिएको छ। चालु आवमा रु ७६ करोड ४६ लाख दिइएकामा आगामी वर्ष रु एक अर्ब १८ करोड ५० लाख उपलब्ध गराइने मन्त्री शाहले बताए।

यो वर्ष वित्तीय समानीकरण अनुदान रु पाँच करोडले वृद्धि गरिएको अर्थमन्त्री शाहले बताए। चालु आव रु ९५ करोड उपलब्ध गराएको यो अनुदान अहिले बढाएर रु एक अर्ब पुर्‍याइएको छ। उक्त अनुदान प्रदेश सरकारको स्थापनाकालदेखि गत वर्षसम्म ८० करोडका दरले प्रदान गरिँदै आएको थियो। चालु आवदेखि समानीकरण अनुदान वृद्धि हुनथालेको हो। समपूरक अनुदान रु ४२ करोड चार लाखले वृद्धि गरिएको छ। चालु आवमा रु ७६ करोड ४६ लाख दिइएकामा आगामी वर्ष रु एक अर्ब १८ करोड ५० लाख उपलब्ध गराइने आर्थिक मामिलामन्त्री शाहले बताए। प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कार्यान्वयन गरिने आयोजनाका लागि हो। “दुई तहबीच आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी स्थानीय तहबीचको सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमा सन्तुलन कायम गर्न अनुदान रकम बढाइएको हो”, मन्त्री शाहले भने, “यसले स्थानीय तहलाई प्रदेश सरकार आफूसँगै रहेको अनुभूति गरोस् भन्ने हो।”

प्रदेश सरकारले विशेष अनुदान रकम रु १० करोड ७० लाखले वृद्धि गरेको छ। विशेष अनुदानलाई व्यवस्थित गर्न स्थानीय तहको मागका आधारमा उक्त शीर्षकको रकम रु ३६ करोडबाट ४७ करोड ५० लाख पुर्‍याइएको छ।

प्रदेश सरकारले स्थानीय तहलाई शर्त राखेर दिइने अनुदानमा भने यसपटक भारी कटौती गरेको छ। चालु वर्ष रु दुई अर्ब ५१ करोड रहेको सशर्त अनुदानलाई घटाएर आगामी वर्षका लागि रु एक अर्ब ७३ करोड ६१ लाखमा झारिएको छ।

सशर्त अनुदान घट्नु र वित्तीय समानीकरण अनुदान बढ्नुले स्थानीय तहले आफ्नो आवश्यकताअनुसार स्वतन्त्र रूपमा योजना छनोट र खर्च गर्न पाउने वित्तीय स्वायत्ततालाई प्रोत्साहन गरिएको सरकारले जनाएको छ। गरिबी निवारणमा योगदान पुर्याउने उद्देश्यसहित स्थानीय तहमा रु एक अर्ब १५ करोड ४० लाख वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको प्रदेश सरकारले जनाएको छ।

# नागढुङ्गा सुरुङमार्गमा साउनदेखि सञ्चालनको तयारी

**युग संवाददाता**
**काठमाडौँ, ३ असार ।**

नागढुङ्गा-नौबिसे सुरुङमार्गबाट सवारीसाधन साउन महिनादेखि सञ्चालनमा ल्याउनेगरी आवश्यक तयारी थालिएको छ। नेपालको बहुप्रतिक्षित सुरुङमार्ग आयोजना सञ्चालनमा आएसँगै नौबिसे-नागढुङ्गा सडकखण्डमा हुने सवारी आवतजावत सहज हुने अपेक्षा गरिएको छ। नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाका आयोजना निर्देशक सौजन्य नेपालले आगामी साउनभित्रै नागढुङ्गा सुरुङमार्ग सञ्चालन गर्ने गरी आन्तरिक तयारी थालिएको जानकारी दिए।

“सुरुङमार्गभित्रका सबैजसो काम सकिसकेको छ। सुरुङभित्र हुने आकस्मिक कुनै घटना भएमा कसरी उद्धार गर्ने र सवारी व्यवस्थापन गर्ने विषयमा आवश्यक परीक्षणका काम भइराखेको छ”, उनले भने, “सुरुङमार्ग बाहिरको पहिरो रोकथामको काममात्रै बाँकी छ।”

नागढुङ्गा-नौबिसे सुरुङमार्गअन्तर्गत दुई हजार ६८८ मिटर कुल लम्बाइ रहेको छ। सुरुआती ठेक्का सम्झौताअनुसार यो आयोजना २६ अप्रिल २०२३ भित्रै सम्पन्न हुनुपर्ने थियो। ठेकेदार कम्पनीको ढिलासुस्ती र स्थानीयवासीको अवरोधका कारणले यो आयोजना निर्माणको कामले गति लिन नसकेको हो। आयोजनाका अनुसार अहिले सुरुङमार्ग सञ्चालन, व्यवस्थापन अभ्यासको काम हुँदै आइरहेको छ।

आयोजनाका निर्देशक नेपालले नागढुङ्गा-नौबिसे सुरुङमार्ग उपयोग गरेबापत तिर्नुपर्ने दस्तुर (टोल) सङ्कलन गर्ने बैंकको छनोट र कार्ड छाप्नेलगायतको प्रक्रिया पनि अघि बढिसकेको दाबी गर्नुभयो। आयोजनाले नागढुङ्गा-नौबिसे सुरुङमार्गमा गुड्ने सवारीसाधनबाट तीन तरिकाबाट दस्तुत तिर्न मिल्ने व्यवस्था मिलाएको छ। ‘म्यानुअल’ रूपमा सवारी चालकबाट नगदै लिने व्यवस्था, ‘क्यूआर कोड’ स्कानिङ गरेर र सवारीसाधनमा टाँस्ने स्टिकरलाई उच्च क्षमताको क्यामेरामार्फत रिड गरेर पनि भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइएको छ।

बोलपत्रमार्फत युसिन एआरटी कम्पनीले रु एक अर्ब १० करोड लागतमा पाँच वर्षका लागि सुरुङमार्गको सञ्चालन, व्यवस्थापन र मर्मतसम्भारलगायतको जिम्मेवारी पाएको छ। आयोजनाका निर्देशक नेपालले सुरुङमार्ग उपयोग गर्ने सवारीसाधनबाट उठेको दस्तुर रकम व्यवस्थापकले सङ्कलन गरेर सडक बोर्ड नेपालको खातामा दाखिला गर्नुपर्नेछ। सो बोलपत्रमा १० वटा कम्पनीको आवेदन परेको थियो। कम्पनीले ३६५ दिनमा चौबिसै घण्टा सञ्चालन गर्नेछन्। “सुरुङमार्ग व्यवस्थापन र सञ्चालनमा १५० जना जनशक्ति खटिनेछन्”, उनले भने, “सुरुङमार्ग पूर्ण रूपमा सञ्चालनमा आउँदा दिउँसोको ‘पिकआवर’मा एकैपटक ४० कर्मचारी खटिनेछन्।” अहिले सुरुङमार्गभित्र आन्तरिक तयारीका काम भइरहेका छन्। असार महिनाभित्र सबै खालका तयारी पूरा गरेर सुरुङमार्गबाट सवारसाधन गुडाउने लक्ष्य राखेका छौँ।

आयोजनाका अनुसार काठमाडौँ प्रवेश तथा बाहिरिने नागढुङ्गा-नौबिसेनाका हुँदै दैनिक औसतमा दुई पाङ्ग्रेबाहेक करिब आठ हजारभन्दा धेरै साना तथा ठूला सवारीसाधन गुड्ने गर्छन्। आयोजनाका निर्देशक नेपालले नागढुङ्गा-नौबिसे सडकखण्डबाट भित्रिने र बाहिरिने सवारीसाधनमध्ये करिब ६० प्रतिशत सवारीसाधनले सुरुङमार्गको उपयोग गर्ने अनुमान

बाँकी ४ पेजमा






## सम्पादकीय....

# एमयू स्थापनाका १६ वर्ष

मध्यपश्चिम विश्वविद्यालय (एमयू) बुधबार आफ्नो शैक्षिक इतिहासको १६ औं वार्षिकोत्सव मनाएको छ। यो कर्णाली प्रदेशको उच्च शिक्षाको विकास यात्राको ऐतिहासिक उपलब्धि पनि हो। स्थापना कालको संघर्षदेखि आजको विस्तारित संरचनासम्मको यात्रा एमयूलाई कर्णालीको शैक्षिक चेतना, पहुँच र आकांक्षासँग जोडिएको संस्थाका रूपमा स्थापित गरेको छ। यस वर्षको दीक्षान्त समारोहमा करिब १९ सय २८ विद्यार्थी दीक्षित भए। योसँगै विश्वविद्यालय स्थापना भएको १६ वर्षको अवधिमा आठ हजारभन्दा बढी विद्यार्थी दीक्षित भएका छन्। जसले एमयूको निरन्तर विस्तार, शैक्षिक उत्पादन क्षमता र जनविश्वासलाई स्पष्ट रूपमा देखाउँछ। ग्रेस लिस्टमा रहेका विद्यार्थीमध्ये ठूलो संख्याले अभिभावकसहित समारोहमा सहभागिता जनाउनु विश्वविद्यालयप्रतिको भावनात्मक सम्बन्धको पनि संकेत हो। उत्कृष्ट विद्यार्थीलाई कुलपति पदक, उपकुलपति पदक तथा डीन लिस्टबाट सम्मान गर्ने अभ्यासले शैक्षिक उत्कृष्टतालाई प्रोत्साहन गर्ने नीति झल्काउँछ। तर, एमयूको आजको उपलब्धि केवल वर्तमान व्यवस्थापनको प्रयासको परिणाम मात्र होइन, दशकौं लामो संघर्ष, बहस र जनआन्दोलनको प्रतिफल हो। २०४९ को राष्ट्रिय शिक्षा आयोगले नयाँ विश्वविद्यालय स्थापनाको अवधारणा अघि सारेपछि मध्यपश्चिम क्षेत्रमा पनि उच्च शिक्षाको आवश्यकता महसुस गरियो।

त्यसपछि २०५० को दशकभर सुर्खेतलाई केन्द्र बनाएर विश्वविद्यालय स्थापनाको अभियान निरन्तर अघि बढ्यो। स्थानीय निकाय, नागरिक समाज, राजनीतिक नेतृत्व र विभिन्न समितिहरूको सक्रियताले यो अभियानलाई जनआन्दोलनको स्वरूप दिएको थियो। २०५२ सालमा जिल्ला विकास समितिको नेतृत्वमा सुरु भएको औपचारिक प्रयासदेखि २०५३ मा सरोकारवालाको साझा निर्णयसम्म आइपुग्दा विश्वविद्यालय स्थापनाको आधार तयार भयो। त्यसपछि गठन भएका विभिन्न समिति, अध्ययन कार्यदल र नागरिक अभियानहरूले यसको आवश्यकतालाई वैज्ञानिक रूपमा प्रमाणित गर्दै अघि बढाए। महायज्ञ, चन्दा संकलन, राजनीतिक दबाब, डेलिगेसन तथा निरन्तर बहसहरूले कर्णालीमै विश्वविद्यालय स्थापना गर्नुपर्ने मागलाई राष्ट्रिय मुद्दा बनायो। अन्ततः २०६७ असार ३ मा मध्यपश्चिम विश्वविद्यालय ऐन जारी भएपछि सुर्खेतमा केन्द्रीय कार्यालय रहने गरी विश्वविद्यालयको औपचारिक स्थापना सम्भव भयो। आज एमयू सात वटा ग्राजुएट स्कुल, १० आंगिक क्याम्पस तथा विभिन्न तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्दै एक बहुविषयक विश्वविद्यालयका रूपमा विकसित भएको छ। व्यवस्थापन, शिक्षा, विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, कानून, कृषि र मानविकी तथा सामाजिक विज्ञान जस्ता क्षेत्रमा स्नातकदेखि विद्यावारिधिसम्मका कार्यक्रम सञ्चालन भइरहेका छन्।

यसले कर्णाली मात्र होइन, लुम्बिनी र देशका अन्य क्षेत्रका विद्यार्थीलाई पनि उच्च शिक्षाको अवसर प्रदान गरेको छ। १८ औं विश्वविद्यालय सभामा चालु आर्थिक वर्षको आम्दानी-खर्च समीक्षा, आगामी वर्षका नीति तथा कार्यक्रम र १ अर्ब ४९ करोड रुपैयाँ बराबरको बजेट प्रस्ताव प्रस्तुत गरिनु विश्वविद्यालयको प्रशासनिक र शैक्षिक विस्तारको संकेत हो। तर, विस्तारसँगै गुणस्तर, अनुसन्धान क्षमता, पूर्वाधार विकास र अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकताका चुनौती पनि उत्तिकै बढेका छन्। एमयूको इतिहास केवल संस्थागत विकासमा मात्र सीमित छैन। यो कर्णालीको आत्मनिर्भर शैक्षिक भविष्य निर्माणको प्रतीक पनि हो। अबको आवश्यकता उत्सव र उपलब्धि गणना गरेर मात्र हुँदैन। विश्वविद्यालयले प्रविधिको विकाससँगै समायानुकल गुणस्तरीय शिक्षा, अनुसन्धानमुखी अभ्यास र रोजगारीसँग जोडिएको शिक्षा दिनतर्फ ध्यान केन्द्रित गर्नुपर्दछ। दीक्षान्त समारोहले विद्यार्थीको शैक्षिक यात्रा पूरा भएको संकेत गर्छ, तर विश्वविद्यालयका लागि भने यो अझ जिम्मेवार, प्रभावकारी र भविष्यउन्मुख यात्राको नयाँ आरम्भ हुनुपर्ने समय हो।

## विश्व

# विश्वकपमा मेस्सीको ऐतिहासिक रात

**लस एन्जलस, ३ असार।** लियोनेल मेस्सीले विश्व फुटबलमा अर्को ऐतिहासिक उपलब्धि थप्दै आफ्नो छैटौं विश्वकप सहभागितालाई अविस्मरणीय बनाएका छन्। कप्तान मेस्सीको ह्याट्रिक प्रेरित प्रदर्शनमा साविक विजेता अर्जेन्टिनाले विश्वकप उपाधि रक्षा अभियान विजयी सुरुआत गर्दा उहाँ विश्वकप इतिहासका संयुक्त सर्वाधिक गोलकर्ता पनि बनेका छन्।

कन्सास सिटीस्थित ६९ हजार ४५ दर्शक क्षमता भएको एरोहेड स्टेडियममा मङ्गलबार भएको खेलमा ३८ वर्षीय मेस्सीले तीन गोल गर्दै आफ्नो विश्वकप गोल सङ्ख्या १६ पुर्‍याए। यससँगै उनले जर्मनीका पूर्व स्ट्राइकर मिरोस्लाभ क्लोसको सर्वाधिक १६ गोलको कीर्तिमान बराबरी गरेका छन्। मेस्सीका लागि यो खेल अर्को कारणले पनि विशेष रह्यो। उनले आफ्नो करियरको २००औं अन्तरराष्ट्रिय खेल खेल्दै विश्वकपका छ संस्करणमा सहभागिता जनाउने पहिलो फुटबलरको इतिहास रचे। सन् २००६ मा जर्मनीमा किशोर खेलाडीका रूपमा पहिलो विश्वकप खेल्नुभएका मेस्सीले दुई दशक लामो यात्रामा अर्को ऐतिहासिक अध्याय थपेका हुन्।

ग्रुप 'जे' अन्तर्गत भएको खेलमा अर्जेन्टिनाले सुरुदेखि नै पकड जमाएको थियो। मेस्सीले १७औँ मिनेटमा सुन्दर कर्लिङ प्रहारमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाए। त्यो गोलसँगै उनको विश्वकप गोल सङ्ख्या १४ पुगेको थियो, जसले उनलाई जर्मनीका गर्ड मुलर र फ्रान्सका किलियन एमबाप्पेको बराबरीमा पुर्‍यायो। खेलको ६० औँ मिनेटमा एलेक्सिस म्याक एलिस्टरको प्रहार गोलरक्षकबाट फर्किएपछि मेस्सीले रिबाउन्डलाई सदुपयोग गर्दै दोस्रो गोल गरे। यससँगै उनले ब्राजिलका महान् स्ट्राइकर रोनाल्डोको १५ गोलको कीर्तिमान पनि बराबरी गरे।

त्यसपछि ७६औँ मिनेटमा उहाँले अर्को आकर्षक गोल गर्दै ह्याट्रिक पूरा गर्नुभयो र विश्वकप इतिहासका संयुक्त सर्वाधिक गोलकर्ता बन्नुभयो। चार मिनेटपछि मैदान छाड्दा दर्शकले उभिएर लामो समयसम्म ताली बजाउँदै उहाँलाई सम्मान गरेका थिए।

मेस्सीले सन् २०२२ को दोहा विश्वकपमा अर्जेन्टिनालाई उपाधि दिलाएका थिए। त्यतिबेला फाइनलमा फ्रान्सलाई पेनाल्टी सुटआउटमा पराजित गरिएको थियो। नियमित समयमा ३-३ को रोमाञ्चक बराबरी भएको उक्त खेलमा फ्रान्सका स्टार किलियन एमबाप्पेले ह्याट्रिक गरेका थिए। यसपटक पनि अर्जेन्टिना र फ्रान्स पुनः फाइनलमा भेटिन सक्ने सम्भावना रहेको चर्चा भइरहेका बेला फ्रान्सले पनि आफ्नो अभियान विजयी ढङ्गले सुरु गरेको छ। सेनेगलविरुद्ध ३-१ को जितमा एमबाप्पेले दुई गोल गर्दै आफ्नो प्रभाव कायम राखे। फ्रान्सका प्रशिक्षक डिडिएर डेसच्याम्प्सले एमबाप्पेको प्रशंसा गर्दै आलोचनाका बीच पनि उनी असाधारण खेलाडी रहेको बताए। उनका अनुसार खेल सधैँ योजनाअनुसार नजाने भए पनि एमबाप्पेसँग कुनै पनि क्षण खेलको परिणाम बदल्ने क्षमता छ।

# जैविक विविधतामाथी बढ्दो खतरा

✍ इन्द्राकुमारी केसी/रासस

कैलालीको गौरीगङ्गा नगरपालिका-४ स्थित वसन्ता हरियाली, कालिका तथा वडा नं ८ मा रहेको गौरीगणेश र शिवशक्ति सामुदायिक वन क्षेत्र जैविक विविधता संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छन्। हरियाली, प्राकृतिक सौन्दर्य र वन सम्पदाले समृद्ध यी वन क्षेत्र तराई र चुरे भूभागलाई जोड्ने महत्त्वपूर्ण जैविक कोरिडोर (वन्यजन्तु आवतजावत मार्ग) का रूपमा रहेका छन्।

पूर्व-पश्चिम राजमार्गसँगै फैलिएको यो कोरिडोर वन्यजन्तुको नियमित आवागमन हुने क्षेत्र हो। डमरु हुर्काउनका लागि सो क्षेत्रमा पाटेबाघ पनि आउने गर्दछन्। तर यही संवेदनशील वन क्षेत्र फोहर व्यवस्थापनको नाममा डम्पिङसाइटका रूपमा प्रयोग हुन थालेपछि यसको पर्यावरणीय महत्वमाथि गम्भीर चुनौती थपिँदै गएको छ।

राजमार्ग छेउछाउमा जथाभावी फालिने फोहरले वन क्षेत्रको प्राकृतिक सौन्दर्य मात्रै होइन, समग्र पारिस्थितिक प्रणालीलाई नै जोखिममा पार्न थालेको छ। प्लास्टिकजन्यलगायत विभिन्न प्रकारका फोहर वन क्षेत्रमै थुपारिँदा वातावरणमा प्रत्यक्ष असर पुर्‍याएको छ भने वन्यजन्तुको वासस्थान, आहार प्रणाली र आवागमन मार्गसमेत प्रभावित हुन थालेका छन्।

### फोहरको थुप्रोले वन क्षेत्र प्रभावित

वन क्षेत्रमा फोहर व्यवस्थापनको समस्याले वातावरणीय सन्तुलन र जैविक विविधता संरक्षणमा गम्भीर चुनौती थपिएको छ। पूर्व-पश्चिम राजमार्गसँगै फैलिएको वसन्ताजस्तो संवेदनशील वन क्षेत्रमा वर्षौंदेखि फोहर फालिने क्रम जारी रहँदा यसको प्रत्यक्ष असर वन्यजन्तुको वासस्थान, वनस्पति र समग्र पारिस्थितिक प्रणालीमा पर्न थालेको छ। संरक्षणकर्मी विजयराज श्रेष्ठ भन्नुहुन्छ, "जैविक मार्गभित्र जथाभावी फोहर फालिनु अत्यन्तै चिन्ताजनक विषय हो। वसन्ता जैविकमार्ग वन्यजन्तुको जीवन रेखा हो। यस्ता क्षेत्रमा फोहर फाल्दा वन्यजन्तुको प्राकृतिक वासस्थान माथि प्रत्यक्ष हस्तक्षेप भएको छ।"

उहाँका अनुसार फोहरको बढ्दो असरले दीर्घकालीन रूपमा जैविक विविधता संरक्षणमा गम्भीर समस्या सिर्जना गर्नसक्छ। फोहर व्यवस्थापनको अव्यवस्थित अभ्यासले मानव-वन्यजन्तु द्वन्द्व बढाउने जोखिम रहेको छ। फोहरमा रहेका प्लास्टिकजन्य पदार्थ, रासायनिक अवशेष तथा अन्य प्रदूषकतत्वले माटोको उर्वराशक्ति घटाउने, पानीका स्रोतहरू प्रदूषित गर्ने तथा वनस्पतिको प्राकृतिक वृद्धि प्रक्रियामा असर पुर्‍याउने खतरा बढेको उहाँको भनाइ छ।

वन क्षेत्रमा डम्पिङसाइट सञ्चालन गरिनु गम्भीर वातावरणीय चुनौती भएको डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्या बताउनुहुन्छ। वन क्षेत्रमा फोहर फालिँदा वन्यजन्तुको वासस्थान खण्डित हुने, जैविक विविधता घट्ने तथा माटो र पानी प्रदूषित हुने जोखिम बढ्दै गएको छ उहाँको भनाइ छ। "वन क्षेत्रमा जथाभावी फोहर फाल्ने कार्यले तत्काल मात्र होइन, दीर्घकालीन वातावरणीय सङ्कट निम्त्याउन सक्छ", उहाँ भन्नुहुन्छ।

फोहरको असर वन क्षेत्रभित्र मात्र सीमित छैन। वर्षायाममा डम्पिङसाइटमा थुप्रिएको फोहर बगेर खोलानाला, नदी तथा अन्य जलस्रोतसम्म पुग्ने गर्दछ। यसबाट प्लास्टिकजन्य पदार्थ र विभिन्न रसायन भूमिगत पानीमा मिसिने जोखिमसमेत बढेको डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ वन अधिकृत विश्वराज पण्डित बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "यसले स्थानीय बासिन्दाको स्वास्थ्य र वातावरण दुवैमा नकारात्मक प्रभाव पार्न सक्छ। पूर्व-पश्चिम राजमार्गसँगै रहेको यस क्षेत्रमा फैलिने दुर्गन्ध, दृश्य प्रदूषण र फोहरको थुप्रोले यात्रुहरूलाई समेत असहज बनाएको छ।" प्राकृतिक सौन्दर्यका लागि परिचित वसन्ता क्षेत्रको छविमा समेत यसले असर पुर्‍याउन थालेको स्थानीय गोविन्द शर्मा बताउनुहुन्छ।

### विकल्पको अभावमा वन क्षेत्रमै डम्पिङ

फोहर व्यवस्थापनका कारण वातावरणीय जोखिम बढ्दै गएका बेला स्थानीय तहहरू भने वैकल्पिक उपायको अभावसँग जुधिरहेका छन्। वन क्षेत्रभित्र डम्पिङसाइट सञ्चालन गरिनु उपयुक्त नभएको स्वीकार गरे पनि अधिकांश स्थानीय तहहरू वैकल्पिक स्थानको अभावका कारण बाध्यात्मक अवस्थामा रहेको बताउँछन्। गौरीगङ्गा नगरपालिकाले विगत लामो समयदेखि वसन्ता जैविक मार्गअन्तर्गत पर्ने वन क्षेत्रमा फोहर व्यवस्थापन गर्दै आएको छ। वातावरणीय दृष्टिले संवेदनशील मानिने यस क्षेत्रमा फोहर थुपार्दा वन्यजन्तु, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीमा नकारात्मक असर परिरहेको भए पनि तत्काल प्रयोग गर्न सकिने उपयुक्त स्थानको अभावले समस्या झन जटिल बनेको छ।

गौरीगङ्गा नगरपालिकाका उपप्रमुख भोजबहादुर बम वन क्षेत्रमा डम्पिङसाइट सञ्चालन गर्नु नगरपालिकाको चाहना नभएको बताउनुहुन्छ। "उपयुक्त जमिन नपाउँदा बाध्य भई वन क्षेत्र प्रयोग गर्नु परेको हो। यो हाम्रो रोजाइ होइन", उहाँ भन्नुहुन्छ, "हामीलाई पनि वन क्षेत्रमा फोहर फाल्नु उचित होइन भन्ने थाहा छ तर तत्काल प्रयोग गर्न सकिने अर्को विकल्प नभएकाले यही स्थान प्रयोग गर्नु परेको हो।" अहिले नयाँ स्थान पहिचानका लागि विभिन्न विकल्पहरूमा अध्ययन भइरहेको उहाँको भनाइ छ।

फोहर व्यवस्थापनको समस्या केवल गौरीगङ्गा नगरपालिकामा मात्र सीमित छैन। कैलालीका अन्य स्थानीय तहहरू पनि यस्तै समस्याबाट प्रभावित छन्। बर्दगोरिया गाउँपालिका, घोडाघोडी नगरपालिका तथा लम्कीचुहा नगरपालिका लगायतका पनि वन क्षेत्रमै फोहर फालिरहेका छन्। घोडाघोडी नगरपालिकाका नगर प्रमुख खडक रावत भन्नुहुन्छ, "सङ्घीय सरकारबाट फोहर व्यवस्थापनका लागि बजेट प्राप्त भए पनि उपयुक्त स्थानको अभावले बजेट फ्रिज हुँदै गएको छ। उहाँका अनुसार फोहर व्यवस्थापन केन्द्र निर्माणका लागि आवश्यक जमिन प्राप्त गर्न नसक्दा उपलब्ध स्रोत र बजेट प्रभावकारी रूपमा उपयोग हुन सकेको छैन। "योजना र बजेट हुँदाहुँदै पनि कार्यान्वयनको सबैभन्दा ठूलो चुनौती उपयुक्त स्थानको अभाव हो", रावत भन्नुहुन्छ, "स्थानीयस्तरमा फोहर फाल्ने स्थान नहुँदा हाललाई वन क्षेत्रमा नै अस्थायी विकल्प अपनाउन बाध्य भएका छौँ।"

स्थानीय तहहरू एकातिर वातावरणीय जोखिमबारे जानकार छन् भने अर्कोतिर व्यवहारिक रूपमा उपयुक्त विकल्पको अभावले उनीहरूलाई वन क्षेत्र प्रयोग गर्न बाध्य बनाएको छ। यस्तो अवस्थामा समस्या केवल व्यवस्थापनको कमजोरी मात्र नभई संरचनागत चुनौतीका रूपमा पनि देखिन थालेको छ।

### फोहरबाट अवसर

फोहर व्यवस्थापनको चुनौतीपूर्ण अवस्थाबीच सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहहरूले भने फोहर व्यवस्थापनलाई समस्या होइन, अवसरका रूपमा उपयोग गर्ने अभ्यास सुरु गरेका छन्। यस्ता अभ्यासले फोहर व्यवस्थापनको समस्या समाधानको सम्भावना पनि देखाउँदै आएका छन्। वैज्ञानिक व्यवस्थापन, पर्याप्त लगानी र निजी क्षेत्रको सक्रिय सहभागिता भए फोहरलाई वातावरणीय जोखिमबाट आर्थिक अवसरमा रूपान्तरण गर्न सकिने उदाहरण प्रदेशमै स्थापित हुन थालेका छन्।

कैलालीको गोदावरी नगरपालिकामा सञ्चालित एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र यस्तो सफल अभ्यासमध्ये एक हो। यहाँ सङ्कलित फोहरलाई वर्गीकरण गरी प्रशोधन तथा सुरक्षित व्यवस्थापन गरिँदै आएको छ, जसले वातावरणीय प्रदूषण न्यूनीकरणसँगै दिगो फोहर व्यवस्थापनको आधार तयार गरेको छ। चौकीडाँडा महिला सामुदायिक वन क्षेत्रमा करिब रु एक अर्ब लागतमा निर्माण गरिएको फोहर व्यवस्थापन केन्द्रमा फोहर छुट्ट्याउने, प्रशोधन गर्ने र पुनःप्रयोग गर्ने प्रणाली सञ्चालनमा छ। नगर प्रमुख वीरेन्द्र भट्टका अनुसार स्रोतमै फोहर वर्गीकरण गर्ने अभ्यासले व्यवस्थापनलाई सहज बनाएको छ भने राजस्व पनि प्राप्त हुँदै आएको छ।

गोदावरी नगरपालिकाको फोहर व्यवस्थापन केन्द्रमा कार्यरत कामदारहरूको जीवनस्तरमा पनि परिवर्तन देखिन थालेको छ। गोदावरी नगरपालिका-१० की प्रियङ्का जोराइला विगत चार महिनादेखि फोहर व्यवस्थापन केन्द्रमा काम गर्दै आउनुभएको छ। यसअघि कपडा पसलमा काम गर्ने उहाँ अहिले फोहर छुटाइ तथा व्यवस्थापनको काममार्फत मासिक करिब रु १६ हजार आम्दानी गरिरहनुभएको छ। त्यहाँ काम गर्ने जङ्गबहादुर चौधरी पनि लामो समयदेखि यही क्षेत्रमा संलग्न हुनुहुन्छ। उहाँले फोहर व्यवस्थापनको काम सुरु गरेको करिब नौ वर्ष भइसकेको छ। निरन्तर यसै काममा खटिँदै आउनुभएका उहाँले मासिक करिब रु १७ हजार आम्दानी गर्दै आउनुभएको छ। उहाँका अनुसार यो कामले रोजगारीको अवसर दिएको भए पनि फोहरसँगको प्रत्यक्ष सम्पर्क, दुर्गन्ध र स्वास्थ्य जोखिम भने निरन्तर चुनौतीका रूपमा रहेको छ।

स्वच्छ वातावरण प्रालिले गोदावरी नगरपालिकाको फोहर व्यवस्थापनको जिम्मेवारी सम्हाल्दै आएको छ। कम्पनीका सञ्चालक गोविन्द रावलका अनुसार सङ्कलित फोहरमध्ये करिब ७० प्रतिशत पुनः प्रयोगयोग्य सामग्रीका रूपमा व्यवस्थापन गरिन्छ। सड्ने फोहरबाट जैविक मल उत्पादन गरिन्छ भने अन्य सामग्री पुन प्रयोगका लागि पठाइन्छ। फोहरलाई सही ढङ्गले व्यवस्थापन गर्न सकियो भने यो समस्या होइन, अवसर बन्न सक्ने उहाँ बताउनुहुन्छ। कम्पनीले वार्षिक रूपमा नगरपालिकालाई राजस्वसमेत बुझाउँदै आएको छ भने करिब एक सय जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ।

गोदावरीसँगै कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा पनि एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आइसकेको छ। केन्द्र निर्माण हुनुअघि जङ्गल क्षेत्रमा फोहर व्यवस्थापन गरिँदै आएकोमा एक वर्षअघि केन्द्र सञ्चालनमा आएपछि व्यवस्थापन कार्य सहज भएको शुक्लाफाँटा नगरपालिकाका नगर प्रमुख रणबहादुर महराले बताउनुभयो। दैनिक करिब छ टन फोहर सङ्कलन हुने अनुमानका आधारमा २० वर्षसम्म व्यवस्थापन गर्न सकिने गरी केन्द्र निर्माण गरिएको भए पनि हाल दैनिक करिब तीन टन मात्र फोहर सङ्कलन भइरहेको उहाँले जानकारी दिनुभयो। यस अवस्थालाई हेर्दा केन्द्रको आयु ४० वर्षसम्म पुग्नसक्ने नगरप्रमुख महराको भनाइ छ।

उहाँका अनुसार केन्द्र सञ्चालनपछि ट्याक्टर चलाउनेदेखि फोहर छुट्ट्याउनेसम्मका काममा स्थानीयवासी नै संलग्न रहेका छन्, जसले रोजगारीको अवसर पनि सिर्जना गरेको छ। धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा यस्ता संरचना निर्माण भएका छन्। एसियाली विकास बैंक (एडिबी) को सहयोगमा क्षेत्रीय शहरी विकास आयोजनाअन्तर्गत यी परियोजनाहरू अघि बढाइएका हुन्।

कैलालीको धनगढी उपमहानगरपालिकामा पनि फोहर मैला व्यवस्थापन केन्द्र निर्माण भइसकेको छ तर सञ्चालनमा आउन बाँकी छ। उपमहानगरपालिकाले भने फोहर व्यवस्थापनका लागि विगतका वर्षहरू बाट नै निजी कम्पनीमार्फत ठेक्का लगाई आम्दानी गरिरहेको छ। उपमहानगरपालिकाले नकुहिने फोहरबाट आयआर्जन तथा कुहिने फोहरबाट मल बनाउने उद्देश्यका साथ २०८० साउनमा रु ३१ लाख ५५ हजार लगानीमा सुक्ष्म वर्गीकरण केन्द्र सञ्चालनमा ल्याएको थियो। यहाँको १९ वटै वडाबाट दैनिक ७० टन फोहर सङ्कलन हुने गर्दछ। यसमध्ये कुहिने फोहर केन्द्र नजिक रहेको बायोग्यास प्लान्टमा र मल उत्पादनका लागि प्रयोग भइरहेको छ।

उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई निजी कम्पनीमार्फत ठेक्का लगाई फोहर बिक्री गर्दै आएको उपमहानगरपालिकाको वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थी बताउनुहुन्छ। धनगढीको नन्दादेवी सेवा केन्द्रलाई आव २०८१/८२ मा रु ७२ लाखमा पाँच वर्षका लागि ठेक्का दिइएको छ। ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्ने गरी ठेक्का सम्झौता गरेको अवस्थीले बताउनुभयो। ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्ने गरी ठेक्का सम्झौता गरेको छ।

यी अभ्यासहरूले फोहर व्यवस्थापनलाई केवल सरसफाइको विषयमा सीमित नराखी वातावरण संरक्षण र आर्थिक अवसरसँग जोड्न सकिने सम्भावना देखाएका छन् तर संवेदनशील वन क्षेत्रमा अझै पनि फोहर थुपारिने अभ्यास जारी रहनु भने चुनौतीपूर्ण पक्षका रूपमा देखिएको छ। यसले स्पष्ट गर्छ कि फोहर व्यवस्थापनको समस्या केवल स्रोतको अभाव होइन, नीति कार्यान्वयन र दीर्घकालीन व्यवस्थापन दृष्टिकोणसँग पनि गहिरो रूपमा जोडिएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** — प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। कर्मयोगले नयाँ मोड लिनेछ भने मिहिनेतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ।

**वृष** — परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ। विविन्न भौतिक सुविधाका वस्तुहरू जुटाउन सकिनेछ।

**मिथुन** — इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ। समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ।

**कर्कट** — सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। अरूको विश्वासमा पर्दा धोका हुन सक्छ।

**सिंह** — आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ।

**कन्या** — कीर्तिमानी कामको यश लिँदै लोकप्रियता हासिल गर्न सकिनेछ। आफ्नो क्षेत्रमा नाम र दाम कमाउने समय छ।

**तुला** — अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। बाध्यात्मक परिस्थितिले अलमल्याउन सक्छ।

**वृश्चिक** — स्वास्थ्य कमजोर रहनाले काम पूरा गर्न समय लाग्नेछ। जिम्मेवारी बढे पनि न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति देखिन्छ।

**धनु** — सुरुमा रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ। आतिथ्यपूर्ण सत्कार पाइने समय छ। प्रेम र मित्रताको बन्धन कसिनेछ।

**मकर** — रोकिएका काम बन्नाले मनग्य लाभ हुनेछ। द्वेष वा ईर्ष्या गर्नेहरूले हार खानेछन्। चुनौती पन्छाएर काम बनाउन सकिनेछ।

**कुम्भ** — सुखद समाचारले उत्साह जगाउनेछ। अध्ययनमा प्रगति हुनेछ। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ।

**मीन** — हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ। तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ। बेसुरमा बोल्ने बानीले पनि दुःख पाइनेछ।

# उज्यालो बन्दै विश्वप्रसिद्ध पदमार्ग एबिसी पदमार्ग

**युग संवाददाता**
**कास्की, ३ असार ।**

विश्वप्रख्यात अन्नपूर्ण आधार शिविर (एबिसी) पदमार्गमा पदयात्रा गर्ने स्वदेशी तथा विदेशी पर्यटकका लागि अब पदयात्रामा अझै सहज हुने भएको छ। नेपाल विद्युत् प्राधिकरणले अन्नपूर्ण पदमार्गअन्तर्गत पर्ने अन्नपूर्ण गाउँपालिका वडा ११ झिनुडाडादेखि माथिल्लो सिनुवासम्म राष्ट्रिय प्रसारण लाइन विस्तार गरेसँगै यस क्षेत्र उज्यालो बनेको हो।

कास्की जिल्लाका प्रमुख पदमार्गमा विद्युतीकरण गर्ने सरकारी योजनाअनुसार अन्नपूर्ण गाउँपालिकाको पर्यटकीय क्षेत्र झिनु डाडादेखि माथिल्लो सिनुवासम्म राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुर्‍याइएको हो। यससँगै वर्षौंदेखि माइक्रो हाइड्रो र वैकल्पिक ऊर्जामा निर्भर स्थानीय बासिन्दा, होटल व्यवसायी र पर्यटकले अब भरपर्दो विद्युत् सेवा पाउने भएका छन्।

यसबाट विशेष गरेर पर्यटन व्यवसायी औधी रमाएका छन्। अन्नपूर्ण ११ झिनुमा विगत २० वर्षदेखि होटल व्यवसाय गर्दै आउनुभएका जगदीश गुरुङले भने " यहाँ राष्ट्रिय प्रसारण लाइन विद्युत आउनु औधी खुसीको कुरा हो। अव यहाँको पर्यटन अझ प्रवर्द्धन हुने छ।" उनका अनुसार झिनुडाडादेखि माथिल्लो सिनुवासम्म ठूला साना गरी ६० /७० होटल सञ्चालनमा आइसकेका छन्।

अन्नपूर्ण ११ छोम्रोङका मिकाश गुरुङले राष्ट्रिय प्रसारण लाइन विद्युत सेवाले पदयात्रीलाई समेत थप सहज बन्ने विश्वास व्यक्त गरे। राष्ट्रिय प्रसारण लाइन पुगेपछि पदयात्रीले मोबाइल चार्जिङ, तातोपानी, इन्टरनेट तथा अन्य विद्युतीय सेवामा सहज पहुँच पाउने भएका छन्। होटल व्यवसायीका अनुसार अब पर्यटकलाई चौबिसै घण्टा विद्युत् सुविधा उपलब्ध गराउन सकिने भएकाले सेवाको गुणस्तरमा उल्लेखनीय सुधार आउनेछ।

नेपाल विद्युत् प्राधिकरण पोखरा वितरण केन्द्रका इन्जिनियर सजीवश्री रम्तेलका अनुसार घान्द्रुक बसपार्कबाट झिनु र छोम्रोङ हुँदै माथिल्लो सिनुवासम्म लाइन विस्तार गरी विद्युत् प्रवाह सुरु भइसकेको छ। उनले भने, "घान्द्रुक बसपार्कदेखि माथिल्लो क्षेत्रमा राष्ट्रिय प्रसारण लाइन पुगेको थिएन। अहिले अपर सिनुवासम्म लाइन विस्तार गरी चार्जसमेत भइसकेको छ र स्थानीयले मिटर जडान गर्न थालेका छन्।"

यस क्षेत्रमा विद्युतीकरणका लागि २०७९ सालमा पहिलोपटक बोलपत्र आह्वान गरिएको थियो। पहिलो बोलपत्रअनुसार छनोट भएको कम्पनीले सम्झौता नगरेपछि पुनः ठेक्का आह्वान गरिएको थियो। बीएनआर महालक्ष्मी जेभी, धनकुटाले लेवर कन्ट्र्याक्टबापत रु दुई करोड २१ लाखको लागतमा आयोजना सम्पन्न गरेको हो।

दुर्गम हिमाली भूगोलका कारण आयोजना कार्यान्वयन चुनौतीपूर्ण बनेको थियो। विशेषगरी छोम्रोङभन्दा माथिल्लो क्षेत्रमा विद्युत् पोल र ट्रान्सफर्मर हेलिकप्टरमार्फत ढुवानी गरेर लाइन विस्तार गरिएको प्राधिकरणले जनाएको छ।

"पदयात्रीलाई मोबाइल चार्ज गर्न, पानी तताउन र इन्टरनेट चलाउन समस्या हुन्थ्यो। राष्ट्रिय प्रसारण लाइन पुगेपछि ती समस्या धेरै हदसम्म समाधान भएका छन्", इन्जिनियर रम्तेलले भने। प्राधिकरणले आगामी आर्थिक वर्षभित्रमा एबिसी पदमार्गमा पर्ने हिमालयसम्म राष्ट्रिय प्रसारण लाइन विस्तार गर्ने योजना बनाएको छ। सामग्री अभावका कारण हालका लागि काम रोकिए पनि आगामी वर्ष विस्तारलाई निरन्तरता दिइने प्राधिकरणले जनाएको छ।

स्थानीयवासीका अनुसार विद्युत् पहुँच विस्तारले पर्यटन व्यवसायमात्र नभई शिक्षा, स्वास्थ्य, सञ्चार तथा स्थानीय आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्नेछ। अन्नपूर्ण गाउँपालिका-११ का वडाध्यक्ष हिमबहादुर गुरुङले आधुनिक विद्युत् सुविधा विस्तारले अन्नपूर्ण पदमार्गको पर्यटन प्रवर्द्धनमा नयाँ ऊर्जा थप्ने विश्वास व्यक्त गरे। "पदयात्रीले अब यस क्षेत्रमा पदयात्रामा आउँदा समस्या भोग्नु पर्दैन, यसबाट सहज सञ्चार सुविधाका लागि सहयोग पुगेको छ", गुरुङले भने।

विश्वकै लोकप्रिय पदयात्रा गन्तव्यमध्ये एक अन्नपूर्ण आधार शिविर पदमार्गमा राष्ट्रिय प्रसारण लाइन पुगेपछि पर्यटकको बसाइमा तथा यात्रा थप सहज, सुरक्षित र गुणस्तरीय बन्ने अपेक्षा गरिएको छ। यसबाट थप पर्यटक आगमन वृद्धि हुने स्थानीयले विश्वास लिएका छन्।

**अन्नपूर्ण क्षेत्रमा अहिलेसम्मकै धेरै पर्यटक**

अन्नपूर्ण संरक्षण क्षेत्रमा यस वर्ष अहिलेसम्मकै धेरै विदेशी पर्यटक भित्रिएका छन्। चालु आवको जेठसम्ममा चार लाख ४१ हजार ४२२ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ। आव २०८१/८२ मा जम्मा दुई लाख ७८ हजार ११३ विदेशी पर्यटक अन्नपूर्ण क्षेत्रमा पुगेका थिए। चालु आव सकिन अझै एक महिना बाँकी रहेकाले यस वर्ष पर्यटकको सङ्ख्या थप बढ्ने आयोजना प्रमुख डा रविन कडरियाले बताए।

"गत जेठमा भारतसहित दक्षिण एसियाली देशका पर्यटकको सङ्ख्या झन्डै ३०० प्रतिशतले वृद्धि भयो", उनले भने, "भारतीय पर्यटक यति ठूलो सङ्ख्यामा आएको यो पहिलो पटक हो।" भारतमा पोखरा, मुक्तिनाथलगायत यस क्षेत्रका गन्तव्यस्थलको पर्यटन प्रवर्द्धन हुनु, यातायातको सहजता, सामाजिक सञ्जालमार्फत भइरहेको प्रचारप्रसार आदि कारणले भारतीय पर्यटक बढेको उनले बताए। यस याममा गर्मी छल्न पनि भारतीय पर्यटक पोखरा र आसपासका गन्तव्यमा आउने गरेका छन्।

आयोजना कार्यालयको आकडाअनुसार गत जेठसम्ममा भित्रिएका कुल पर्यटकमध्ये तीन लाख १९ हजार ४१९ दक्षिण एसियाली मुलुकका र एक लाख २१ हजार ९९३ अन्य मुलकका रहेका छन्। जेठमा मात्र एक लाख २७ हजार ४५९ पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका हुन्। गत वर्ष जेठमा उक्त सङ्ख्या जम्मा ३१ हजार ९५५ मा सीमित थियो। यस वर्ष वैशाख-जेठमा पोखराका होटलको 'अकुपेन्सी' ९० प्रतिशतसम्म पुगेको होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताए।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामानय प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि प्रशासन कार्यालय,

मेहलकुना, सुर्खेत

### नामसारी सम्बन्धी ३५ दिने हकदारको नाँउको सार्वजनिक सूचना

**मिति २०८३/०३/०४**

गुर्भाकोट न.पा.वडा नं.०९ सुर्खेत बस्ने दुर्ग बहादुर बुढा र डोल बहादुर बुढाले हाम्रो बाजे मान सिं बुढा मगरका नाँउमा जग्गा दर्ता भएको र निजको मिति २०५८/१२/२८ गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको हुदाँ मृतक मान सिं बुढा मगरको नामको जग्गामा हकलाग्ने हकवाला हकदारहरु नातीहरु दुर्ग बहादुर बुढा र डोल बहादुर बुढा भएकाले हाम्रो नाँउमा नामसारी गरी पाँउ भन्ने व्यहोराको नामसारी सम्बन्धी मिति २०८३/०२/२९ मा निवेदन भएकोले यस कार्यालयबाट कार्वाही हुँदा कार्यालयको मिति २०८३/०३/०१ गतेको आदेश अनुसार यो नामसारी सम्बन्धी ३५ दिने हकदारको नाँउको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। मृतक मान सिं बुढा मगरको नामको तपसिलको जग्गामा हकलाग्ने हकदारहरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र उजुर दावी नगरेमा नियमानुसार निवेदकहरु कै नाममा साझा नामसारी भैजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मृतक ज.ध.को नामथर |
|---|---|---|---|---|---|---|
| १ | सुर्खेत | कोटमाझखर्क | ६च | ७१ | १०-१-०-३/४ | ज.ध.:- मान सिं बुढा मगर<br>बाबु/बाजे- नर वीर/दलवीर |

पुनश्चः-माथि उल्लेखित ज.ध.को मिति २०५८/१२/२८ गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको मृतकको श्रीमती मोति बुढा मगरको समेत मिति २०६६/११/२५ गते आफ्नै कालगतिले मृत्यु भएको र निज मान सिं बुढा मगर र निजको श्रीमती मोति बुढा मगर बाट जायजन्म भएको एकमात्र छोरा लाल बहादुर बुढा र तीन छोरी आसमाली घर्ती, हिरामाया वली र रनसरी बुढा हुन्। छोरीहरुको सामाजिक परम्परा अनुसार अन्यन्त्रै विवाह भइसकेको र निज ज.ध. मृतक मान सिं बुढा मगर र मोति बुढा मगर बाट जायजन्म भएको एकमात्र छोरा लाल बहादुर बुढाको समेत आफ्नै कालगतिले मिति २०६१/०२/१५ मा मृत्यु भएको र निज लाल बहादुर बुढाको पत्नी सौरी बुढाको समेत आफ्नै कालगतिले मिति २०६९/०५/२३ मृत्यु भएको निज लाल बहादुर बुढा र निजको श्रीमती सौरी बुढा बाट जायजन्म भएका दुई छोराहरु दुर्ग बहादुर बुढा, डोल बहादुर बुढा र ५ छोरीहरु जिउमती राई, अमृता बुढा, सुनिता नामजाली, विष्णु थापा र निशा सुनार हुन्। सबै छोरीहरुको सामाजिक परम्परा अनुसार विवाह भइसकेको साथै ज.ध. मान सिं बुढा मगरको नेपाली नागरिकतामा मान सि बुढा र मृत्युदर्ता प्रमाणपत्रमा मान सिं बुढा भई फरक-फरक भएको र मृतक ज.ध. मान सिं बुढा मगरको नामको जग्गामा हकलाग्ने हकवाला हकदारहरु नातीहरु दुर्ग बहादुर बुढा र डोल बहादुर बुढा बाहेक अन्य कुनै अंसियार नभएकाले अंसियारहरु नातीहरु दुर्ग बहादुर बुढा र डोल बहादुर बुढाका नाममा माथि भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

# च्याउखेतीबाट रोजगारी दिन र मनग्य आम्दानी लिन सफल मङ्गल

**युग संवाददाता**
**कैलाली, ३ असार ।**

कैलालीको धनगढी उपमहानगरपालिका-११, जोकैयाका मङ्गल चौधरीले व्यावसायिक च्याउखेती गर्दै आएका छन्। चौधरीले छ वर्षदेखि सुभाष बहुउदेश्यीय कृषि फार्म दर्ता गरेर च्याउखेती गर्दै आउनुभएको हो।

एउटा टनेलबाट च्याउखेती सुरु गरेका चौधरीले हाल पाँच कट्ठा जग्गामा १५ वटा टनेलबाट च्याउ उत्पादन गर्दै आएको बताए।

बाह्रै महिना च्याउ उत्पादन गर्ने गरेको बताउँदै चौधरीले आम्दानी पनि राम्रो हुने गरेको बताए। उनले भने, "वार्षिक रु २० लाखबराबरको च्याउ बिक्री हुन्छ। सबै खर्च कटाएर वार्षिक रु १० लाख आम्दानी हुन्छ। यस वर्ष रु ३० लाखसम्मको च्याउ बिक्री गर्ने लक्ष्य छ।" पहिले ज्ञान र सीपको कमीले छ महिनामात्रै च्याउ उत्पादन गर्ने गरेकामा हाल उहाँले बाह्रै महिना च्याउ उत्पादन गर्दै आएका छन्। चौधरीले उत्पादन गर्नुभएको कन्य च्याउ हाल बजारमा प्रतिकिलो रु २५० का दरले बिक्री हुँदै आएको छ।

उनले भने, "कन्य च्याउको उत्पादन बढी हुन्छ। यसको खपत पनि राम्रो छ। लागत पनि कम छ। त्यसैले कन्य च्याउ नै उत्पादन गर्ने गरेको छु।" चौधरीले च्याउ फार्ममा दैनिक ज्यालादारीमा चार जनालाई रोजगारीसमेत दिएको र दैनिक प्रतिव्यक्ति रु ६०० देखि आठ ८०० सम्म ज्याला दिने गरेको बताउँछन्।

लगानी कम र आम्दानी बढी भए पनि बजारको मागअनुसार च्याउ आपूर्ति गर्न कठिनाइ भइरहेको चौधरीजस्तै व्यावसायिक च्याउखेती गर्दै आएका किसान बताउँछन्। पछिल्लो समय बजारमा माग अध्यधिक रहेकाले च्याउखेतीको आम्दानीले सहजै जीविकोपार्जन हुने उनीहरूको भनाइ छ।

## पर्यटन...

सञ्चालनका लागि सहुलियत कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

संघीय सरकारसँगको समन्वयमा सञ्चालन गरिने उक्त कार्यक्रममार्फत दुर्गम जिल्लामा हवाई सेवा सहज र सुलभ बनाउने लक्ष्य राखिएको छ। प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० मा हवाई सेवा प्रदायक कम्पनीलाई यात्रु उडान संख्याका आधारमा सहुलियत उपलब्ध गराउने महत्वाकांक्षी योजना अघि सारेको थियो।

कर्णालीभित्रको हवाई सेवालाई भरपर्दो र पहुँचयोग्य बनाउने उद्देश्यले ल्याइएको उक्त योजना भने हालसम्म कार्यविधि निर्माणकै चरणमा सीमित रहेको छ। योजना घोषणा भए पनि कार्यान्वयन हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन।

पर्यटन पूर्वाधार विस्तारका अतिरिक्त प्रदेश सरकारले सहरी क्षेत्रको सौन्दर्य अभिवृद्धि, हरित वातावरण संरक्षण तथा पर्यापर्यटनको दिगो विकासलाई समेत प्राथमिकतामा राखेको दावी गरेको छ। स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने उद्देश्यले पार्क, उद्यान, खुला स्थान, पदमार्ग, दृश्यावलोकन स्थल तथा प्राकृतिक, धार्मिक र सांस्कृतिक पर्यटकीय पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि ३९ करोड १६ लाख रुपैयाँ बजेट व्यवस्था गरिएको छ।

साथै, कर्णालीको पर्यापर्यटन, ग्रामीण पर्यटन तथा होमस्टे प्रवर्द्धनका लागि स्थानीय नागरिकको क्षमता विकासमा जोड दिइने भएको छ। सरकारले पर्यटनसँग सम्बन्धित रोजगारी, आतिथ्य सेवा, ट्रेकिङ गाइड, स्थानीय मौलिक वास्तुकला तथा रैथाने बालीबाट उत्पादित परिकारसम्बन्धी सीप विकास कार्यक्रम सञ्चालन गर्ने जनाएको छ।

प्रदेश सरकारका अनुसार पर्यटन दशक अभियानले कर्णालीका प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्दै स्थानीय रोजगारी वृद्धि, आयआर्जन विस्तार र समग्र आर्थिक विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ। तर, विगतमा घोषणा गरिएका योजना कार्यान्वयनमा कमजोर देखिएको अवस्थाले पर्यटन दशकलाई परिणाममुखी बनाउन प्रभावकारी कार्यान्वयन, पर्याप्त लगानी र अन्तरसरकारी समन्वय अपरिहार्य रहेको पर्यटन व्यवसायीहरु बताउँछन्।

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

### ठेक्का स्वीकृतीको आशयको सूचना

**प्रकाशित मिति: २०८३।०३।०४**

यस नगरपालिकाबाट मिति २०८३।०१।२४ गते चौरजहारी नगरपालिका अन्तरगतका सबै स्वास्थ्य सस्थांहरु लागि निःसुल्क औषधी तथा सर्जिकल सामाग्री र मिति २०८३।०१।२९ गते सहिद स्मृति नगर अस्पतालका लागि ससुल्क औषधी तथा सर्जिकल सामाग्री खरिदकका लागि बिद्युतीय बोलपत्र माध्यामबाट प्राप्त हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको कबोल रकम न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | न्युन मुल्यांकित फर्म | जम्मा स्वीकृत आईटम निःसुल्क र ससुल्क औषधी तथा सर्जिकल सामाग्रीतर्फ | कैफियत |
|---|---|---|---|
| CJM/GOODS/NCB/05/082/083 | गीताश्विनी प्रोमेड प्रा.लि,काठमाडौँ | १२ | ठेक्का आइटम वेशमा भएकोले |
| | समुद्र मेडिको फार्मा, बुटवल | १५ | |
| | डेभिड मेडिसिन सप्लायर्स, नेपालगञ्ज | २१ | |
| | सिर्जना मेडिसिन सप्लायर्स, नेपालगञ्ज | ४२ | |
| | डलिमा मेडिसेल्स प्रा.लि., काठमाडौं | १ | |
| CJM/GOODS/NCB/08/082/083 | समुद्र मेडिको फार्मा, बुटवल | ३५ | ठेक्का आइटम वेशमा भएकोले |
| | क्यान्डिला मेडिसिन कन्सर्न, काठमाडौं | १७ | |
| | युनिक फार्मा, नेपालगञ्ज | २२ | |
| | सिर्जना मेडिसिन सप्लायर्स, नेपालगञ्ज | ८ | |

### भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. कर्णाली प्रदेश कार्यालय सुर्खेतको २१ दिने सूचना

**(सूचना प्रकाशन मितिः२०८३।०३।०४)**

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिमको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरि बुझाउंनुपर्ने कर्जाको सावा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बधी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिदा लेखिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौ। साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालयको नाम – कृषि विकास बैंक लि .शाखा कार्यालय, छिन्चु**

| क्र.स | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे। ससुराको नाम | ग्राहकको पिता र पतिको नाम | कर्जाको उदेश्य | सावा रकम रु | मिति २०८३।०३।०१ सम्मको व्याज तथा अन्य लेना रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा तथा जमानत दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रोहन कृषि तथा पशुपंक्षि पालन फर्म प्रो.बुद्ध बहादुर थापा मगर | गुर्भाकोट १, सुर्खेत | दल सिं थापा मगर | खड्क बहादुर थापा मगर | सरलकृषि कर्जा | ४६१,७६३ | ३०,७८९ | ४९२,५५२ | रिम बहादुर थापा मालारानी २, सुर्खेत | भाखा नाघेो सावा ११५४४० |
| २ | करुणा कृषि तथा पशुपंक्षी पालन फर्म (प्रो.रुप बहादुर घर्ती) | लेकवेशी ४, सुर्खेत | रनविर घर्ती | नन्दलाल घती | सरलकृषि कर्जा (चालु पुंजी) | ९००,००० | ९८,९२७ | ९९८,९२७ | कृष्ण कुमारी घर्ती दशरथपुर ८, सुर्खेत | |
| ३ | आशिष फ्रेस हाउस एण्ड सप्लायर्स (प्रो.गोपाल खड्का) | गुर्भाकोट १३, सुर्खेत | कृष्ण खड्का | हस्ते खड्का | सरलकृषि कर्जा | ९९०,९०९ | १६,१७२ | १,००७,०८१ | तुलसा कुमारी खड्का डाँडाखाली ६, सुर्खेत | भाखा नाघेको सावा ११६३६३ |
| | जम्मा | | | | | २,३५२,६७२ | १४५,८८८ | २,४९८,५६० | | |

**कृषि विकास बैंक लि.**
**कर्णाली प्रदेश कार्यालय, सुर्खेत**

## राष्ट्रिय वाणिज्य बैंक लि.

शाखा कार्यालय, सुर्खेत

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०३/०४)**

सुर्खेत जिल्ला विरेन्द्रनगर न.पा. ६, सुर्खेत वस्ने पूर्ण बहादुर बस्नेतको मिति २०७९/०७/२१ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको श्रीमती नातापर्ने विरेन्द्रनगर न.पा. ६. सुर्खेत बस्ने कमला कुमारी बस्नेतले २०८३/०३/०३ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदावी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ (पैतिस) दिन भित्र आ-आफ्नो सवुद प्रमाण सहित यस बैंक शाखा कार्यालय सुर्खेतमा हकदावी गर्न आउनु होला। सो म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भै जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनावाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

# कालीकोटमा भेटियो रेडपान्डा



**◣युग संवाददाता**
**कालीकोट, ३ असार ।**

कालीकोटका तीन वटा स्थानीय तहमा दुर्लभ वन्यजन्तु रेडपान्डा (हाब्रे) भेटिएको छ। जिल्लाको तिलागुफा नगरपालिका, महावै गाउँपालिका र शुभकालिका गाउँपालिका रेडपान्डा भेटिएको संरक्षण क्षेत्रमा लागेका सरकारी तथा गैरसरकारी संस्थाहरुले जनाएका छन्।

तिलागुफा नगरपालिका-१० को रुरुबन्चु पाटन, शुभकालिका गाउँपालिका-६ को हाउडी लेकमा र महावै गाउँपालिका-२ को महावै पाटन क्षेत्रमा रेडपाण्डा भेटिएको उनीहरुको भनाई छ। तिलागुफा नगरपालिका-१० स्थित रेडपान्डा संरक्षण वन क्षेत्र रुडुबञ्चुमा जैविक विविधता अनुगमनका क्रममा दुर्लभ रेडपान्डा भेटिएको हुरन्डेक नेपालका कालीकोट जिल्ला संयोजक दिलीपकुमार शाहीले बताए।

“संस्थाले समुदायलाई संरक्षणमा लाग्न सचेतना जगाउने र बासस्थानका रुपमा रहेका निगालो एवं बाँसको जङ्गल नमास्न स्थानीयलाई आग्रह गर्दै आएको छ”, उनले भने, “पालिकामा संरक्षणका क्षेत्रमा प्रभावकारी रुपमा भइरहेको छ।” तिलागुफा नगरपालिकाका प्रमुख महेन्द्रबहादुर शाहीले रुरुबञ्चु पाटनमा रेडपान्डा भेटिएको जानकारी दिँदा यसको संरक्षणका लागि स्थानीय तहले पहल गर्दै आएको बताए।

“विगतमा नगरपालिकाको पर्यटकीय क्षेत्रसमेत रहेको रुरुबन्चु पाटनमा रेडपान्डा भएको स्थानीयले बताउँदै आएका थिए। अहिले अनुसन्धान गर्दै जाँदा दुर्लभ बन्यजन्तु रेडपान्डा भेटिएको छ”, उनले भने, “संरक्षणका लागि नगरपालिकाले सङ्घसंस्था मिलेर काम गरिरहेको छ। अहिले स्थानीयलाई जनचेतना जगाउने काम भइरहेको छ।”

त्यस्तै, शुभकालिका गाउँपालिका-६ को हाउडी लेकमा पनि रेडपान्डाको बासस्थान भेटिएका गाउँपालिकाका अध्यक्ष गोविन्दप्रसाद आचार्यले बताए। “हामीले विगतमा नै हाउडी लेकलगायत क्षेत्रमा रेडपान्डा भेटिएको पत्ता लगाएका थियौँ”, उनले भने।

महावै गाउँपालिकाको महावु पाटन क्षेत्रमा रेडपान्डाको उचित बासस्थान रहेको र त्यस क्षेत्रमा पनि रेडपान्डा भेटिएको गाउँपालिकाले जनाएको छ। रेडपान्डा विशेषगरी बाँस र निगालो पाइने चिसो वन क्षेत्रमा बसोबास गर्छ। जङ्गलमा घाँसदाउरा गर्दा हुने मानवीय चाप, डढेलो र कुकुरको आक्रमणका कारण रेडपान्डाको बासस्थान सङ्कट पर्दै गएको संरक्षणकर्मीहरुले बताउने गरेका छन्।

# कर्णाली प्रदेशमा आगामी आवमा १२२ पुल निर्माण हुने

**◣युग संवाददाता**
**सुर्खेत, ३ असार ।**

कर्णाली प्रदेशमा आगामी आर्थिक वर्ष २०८३/८४ मा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले १२२ वटा झोलुङ्गे पुल निर्माण गर्ने भएको छ। मन्त्रालयले तुइन विस्थापित गरेर सो ठाउँमा झोलुङ्गे पुल निर्माण गर्न रु ६५ करोड विनियोजन गरेको छ। त्यस्तै रणनीतिक सडक आयोजना निर्माण गर्न रु ६५ करोड विनियोजन गरेको छ।

पर्यटकीय क्षेत्रमा सडक सञ्जालको पहुँच विस्तार गर्न सडक र पुल निर्माण गर्न लागिएको भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले जानकारी दिए।

# भेरीगंगाको नीति तथा कार्यक्रम सार्वजनिक पूर्वाधारदेखि रोजगारीसम्म प्राथमिकता

**◣युग संवाददाता**
**सुर्खेत, ३ असार ।**

सुर्खेतको भेरीगंगा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि “समृद्ध भेरीगंगा, सुखी भेरीगंगाबासी” भन्ने नारासहित वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। बुधबार सम्पन्न नगरसभाको १९औं अधिवेशनमा नगर प्रमुख यज्ञप्रसाद ढकालले सुशासन, भ्रष्टाचार नियन्त्रण, डिजिटल नगरपालिका, कृषि आधुनिकीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार विकास तथा पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्।

नीति तथा कार्यक्रममा मुस्कानसहितको सेवा, अर्गानिक कृषि उत्पादन, सीपमूलक शिक्षा, नगर अस्पताल निर्माण, हर्रे-मनिरामकाँडा सडकको निर्माणलाई तीव्रता, औद्योगिक ग्राम स्थापना, भूमिहीनलाई जग्गाधनी पुर्जा वितरण, भेरी-बबई डाइभर्सन प्रभावित क्षेत्रका समस्या समाधान, क्षेत्रीय विमानस्थल निर्माणका लागि पहल तथा आधुनिक भेरीगंगा उपत्यका विकास योजना अघि बढाउने विषय समेटिएका छन्।

त्यस्तै, स्थानीय भाषा, कला तथा संस्कृतिको संरक्षण, वन तथा वातावरण संरक्षण, खेलकुद प्रवर्द्धन, लागुऔषध नियन्त्रण, वैज्ञानिक कर प्रणाली, विद्युत विस्तार र नगरको अभिलेख व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने कार्यक्रम पनि समावेश गरिएको छ। स्वास्थ्यतर्फ नसर्ने रोग नियन्त्रणका लागि जनचेतनामूलक अभियान सञ्चालन गरिने, सबै स्वास्थ्य चौकीमा छुट्टै नसर्ने रोग सेवा इकाइ स्थापना गरिने, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको विस्तार, योग हल तथा खुला व्यायामशाला निर्माण, विद्यालयमा योग शिक्षा, घुम्ती आयुर्वेद सेवा, जडीबुटीको संरक्षण र अनुसन्धानलाई प्राथमिकता दिइएको छ।

साथै नगर अस्पताल निर्माण, अपाङ्गता पुनःस्थापना केन्द्र सञ्चालन तथा आँखा उपचार केन्द्रलाई थप व्यवस्थित बनाउने योजना पनि समेटिएको छ। शिक्षातर्फ विद्यालयको शैक्षिक तथा भौतिक सुधार, डिजिटल स्कुल अभियान, सबै विद्यालयमा ई-हाजिरी, ल्यापटप र प्रिन्टर उपलब्ध गराउने, प्राविधिक शिक्षामा छात्रवृत्ति, हरित विद्यालय, नगर पुस्तकालय, पढाइ मेला तथा शिक्षक क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ।

# रास्वपा कर्णालीको पदाधिकारी चयन

**◣युग संवाददाता**
**सुर्खेत, ३ असार ।**

राष्ट्रिय स्वतन्त्र पार्टी कर्णाली प्रदेश समितिले पूर्णता पाएको छ। प्रथम अधिवेशनबाट निर्वाचित कार्यसमिति सदस्यहरु मध्येबाट पदाधिकारी चयन गरिएको हो।

कर्णाली प्रदेश समितिको सभापतिमा मदन खड्का निर्वाचित भएका थिए भने निर्वाचित सदस्यहरु मध्येबाट अरु पदाधिकारी चयन गरिएको छ। समितिको उपसभापतिमा तुलाराज शाही, महामन्त्रीमा ललित चन्द, सहमहामन्त्रीमा राज बहादुर शाही र लक्ष्मी भट्टराई चयन भएका छन्।

त्यसैगरी सदस्यहरुमा कमल रावत, बुधे बुढा, कृष्ण बहादुर खड्का, राजेन्द्र प्रसाद शर्मा, आकाश थापा, नवीन खड्का, सन्तोश बुढाथोकी, सङम गौतम, दान बहादुर बुढा, मोहन सुनार, टेक बहादुर चुनारा, गौरा कुमारी घर्ती, निर्मला शाही, शिलु थापा, सरस्वती बुढा, खगिसरा बुढा, राधा कुमारी ढकाल, मन कुमारी सुनार, देबि विक, राम प्रासद पाण्डे, याम राज पन्त, धर्म राज थापा चयन भएका छन्।


**मानव बेचबिखन अपराध हो।**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने।
- मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने।
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने।
- प्रचलित कानून विपरित मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने।
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन्।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ।**
**त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# नागढुङ्गा...

गरिएको जानकारी दिए। आयोजनाका अनुसार यो सुरुङमार्ग हुँदै दुईपाङग्रे सवारीसाधन भने चलाउन पाइने छैन।

**यस्तो छ सुरुङमार्गबाट सवारी गुडाउँदाको शुल्क**

वि.सं २०८२ चैत २६ गते सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर नागढुङ्गा-नौबिसे सुरुङमार्गमा सवारीसाधन गुडाउने शुल्क निर्धारण गरेको छ। सरकारले सवारीसाधनको क्षमताअनुसार सुरुङमार्गको प्रयोग गर्ने सवार ीसाधनका लागि छुट्टाछुट्टै दस्तुर निर्धारण गरेको छ। कार, भ्यान, पिकअप, ट्र्याक्टर, माइक्रोबस र अन्य हलुका सवारीसाधनका लागि काठमाडौँ प्रवेश गर्दा रु ६५ र सोही वर्गका सवारीसाधन काठमाडौँबाट प्रस्थान गर्दा भने रु ६० तोकिएको छ। त्यसैगरी, मिनीबस, मिनी टिपर/ट्रकका लागि काठमाडौँ प्रवेश गर्दा रु १२५ र काठमाडौँबाट ाप्रस्थान गर्दा भने रु ८० दस्तुर तोकिएको छ।

त्यसैगरी, बस, ट्रक (सिङ्गल रियर एक्सल) सवारीका लागि काठमाडौँ प्रवेश गर्दा रु २६० दस्तुर तोकिएको छ। सोही सवारीसाधन काठमाडौँबाट प्रस्थान गर्दा भने रु २०० दस्तुर तोकिएको छ। मल्टिएक्सल ट्रक, सवार ीसाधन, भारी उपकरणका लागि काठमाडौँ प्रवेश गर्दा रु ६०० दस्तुर तोकिएको छ। त्यसैगरी, काठमाडौँबाट प्रस्थान गर्दा सोही वर्गका लागि भने रु २५० दस्तुर तोकिएको छ।


**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :

**भवानी अर्डर एण्ड सप्लायर्स**

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८





हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

☎ ९८५८०५५६२८
९८५१३२९१६९
९८४९३२१४४२

**भवानी अटो वर्कसप**

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

**हाम्रा सेवाहरु**

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ
- चार पाइङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस्।

TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA

Servicing | Repair | Denting | Panting | Washing




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।